# पहिलो अध्याय

## १. शोधप्रबन्धको परिचय

### १.१ शोध-शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **औपनिवेशिक सन्दर्भमा दार्जीलिङ र इन्द्र सुन्दासका गद्याख्यानहरूको विश्लेषणात्मक अध्ययन** रहेको छ।

### १.२ शोध-समस्याकथन

'औपनिवेशिक सन्दर्भमा दार्जीलिङ र इन्द्र सुन्दासका गद्याख्यानहरूको विश्लेषणात्मक अध्ययन' विषयक शीर्षकमा अद्यावधि कुनै शोधकार्य भएको पाइएको छैन। यसर्थ प्रस्तुत शोधकार्यमा औपनिवेशिक सन्दर्भ विशेषमा ब्रिटिशकालीन दार्जीलिङ र इन्द्र सुन्दासको गद्याख्यानहरूका विश्लेषण गर्दा निम्नलिखित समस्याहरू अनुशीलन गर्न खोजिएको छ।

१. उपनिवेश, उपनिवेशवाद र उत्तरउपनिवेशवादका अवधारणा के कस्ता छन् ?
२. शब्दकोशीय, सामाजिक वा समाजशास्त्रीय, राजनैतिक, आर्थिक, साहित्यिक धारणाहरूका आधारमा उपनिवेशवादको परिभाषित स्वरूप के कस्ता छन् ?
३. उपनिवेशवाद र साम्राज्यवाद माझ के कस्तो साम्य-वैषम्य छ ?
४. उपनिवेशवाद र उत्तर-उपनिवेशवाद माझ के कस्तो साम्य-वैषम्य छ ?
५. गद्याख्यानको सैद्धान्तिक स्वरूप कसरी चिन्हित हुन्छ ?
६. भारतीय नेपाली गद्याख्यानको पृष्ठभूमि परम्परा र विकास के-कस्तो छ ?
७. इन्द्र सुन्दासका समकालीन भारतीय नेपाली गद्याख्यानहरूका कृतिहरूमा औपनिवेशिक सन्दर्भको लक्षण के कस्ता छन् ?
८. दार्जीलिङ क्षेत्रमा स्वतन्त्र पूर्व ब्रिटिशहरूको औपनिवेशिक शोषण र वर्चस्व के कस्तो रहेको थियो ? अनि स्वातन्त्र्योत्तर कालमा त्यहाँको स्थिति के कस्तो रहेको पाइन्छ ?
९. गद्याख्यानकारका रूपमा इन्द्र सुन्दासको स्थान र महत्व के-कस्तो छ ?
१०. इन्द्र सुन्दासका गद्याख्यानहरूमा औपनिवेशिक सन्दर्भ कसरी वर्णित र चित्रित छ ? इत्यादि।

अतः माथि उल्लेख गरिएका समस्याहरूमा परिसीमित भएर कुनै पनि शोधकार्य आजसम्म गरिएको पाइन्न। त्यसर्थ तिनै समस्याहरूको अवलोकन र विश्लेषणमा प्रस्तुत शोधकार्यको अध्ययन केन्द्रित रहेको छ।

### १.३ शोधकार्यको उद्देश्य

(क) उपनिवेश, उपनिवेशवाद र उत्तर औपनिवेशिकतावादको सैद्धान्तिक अवधारणाहरूको अवलोकन गर्नु।

(ख) भारतीय नेपाली गद्याख्यानको लेखन परम्परालाई सर्वेक्षण गर्नु। गद्याख्यानको सैद्धान्तिक आधारहरूको विश्लेषण गर्दै इन्द्र सुन्दासका समकालीन भारतीय नेपाली गद्याख्यानहरूका कृतिहरूमा पनि औपनिवेशिक सन्दर्भको सर्वेक्षण गर्नु।

(ग) औपनिवेशिक सन्दर्भमा ब्रिटिशकालीन दार्जीलिङको स्थितिको सर्वेक्षण गर्नु साथै इन्द्र सुन्दासको व्यक्तित्व र कृतित्वको विवेचना गर्नु।

(घ) गद्याख्यानकारका रूपमा इन्द्र सुन्दासलाई चिनाएर इन्द्र सुन्दासका गद्याख्यानहरूमा औपनिवेशिक सन्दर्भको समीक्षा तथा विश्लेषण गर्दै मूल्याङ्कन गर्नु।

(ङ) प्रस्तुत शोध कार्य पूरा गरी उत्तर बङ्गाल विश्वविद्यालयबाट विद्यावारिधी (पीएच. डी.) उपाधि प्राप्त गर्नु।

### १.४ पूर्वकार्यको सर्वेक्षण

ब्रिटिशहरूले दार्जीलिङमा एक उपनिवेशको रूपमा शासन गर्न थालेपछि (सन् १८३५) यस क्षेत्रका चिया कमानतिर मजदुरी गर्ने नेपाली श्रमिक, रेल कर्मचारी, पर्यटन व्यवसाय अनि दाउरा-चोइली काटेर जीवन धान्ने यहाँका निम्न वर्गीय जन-मानसले विविध प्रकारका औपनिवेशिक शोषण र अत्यचारहरू खप्नु परेको थियो । यसर्थ त्यही औपनिवेशिक शोषणको चित्रण बोक्ने इन्द्र सुन्दासका गद्याख्यानहरूमाथि गरिएका केही पूर्व कार्यहरूलाई कालक्रमिक रूपमा अवलोकन गर्दै उल्लेख गर्न उपयुक्त हुन्छ । आज पर्यन्त इन्द्र सुन्दास विषयक र उनका गद्याख्यान (कथा, उपन्यास) विषयक शोधप्रबन्धहरू यस प्रकार भेटिन्छन् –

उत्तर बङ्ग विश्वविद्यालय नेपाली विभागकी शोधार्थी निर्मला तामङले **इन्द्र सुन्दासका कथाहरूको सामाजिक पृष्ठभूमि : अध्ययन** [१] शीर्षक (सन् १९९१) भित्र सुन्दासका सामाजिक कथाहरूको विश्लेषण गर्दै विविध उपशीर्षकहरू जस्तै-अतिप्रकृतिवादी कथाहरूको विश्लेषण, मनोवैज्ञानिकता, आध्यात्मिक वा नीति-शिक्षामूलक कथाहरूको विश्लेषण, इतिवृत्तात्मकता, हास्यात्मकता, आदि जस्ता प्रवृतिगत विशेषतालाई समीक्षा र अध्ययन गरेकी पाइन्छ । शोधार्थी तामाङले यस प्रबन्धको उपसंहारमा सुन्दासलाई उपन्यास लेखनमा झैं कथा विधामा पनि सामाजिक आदर्शोन्मुख यथार्थवादी कथाकारका रूपमा चिनाएकी पाइन्छन् ।

शोधार्थी महेश प्रधानले आफ्नो एम. फीलको लघु शोध प्रबन्ध **इन्द्र सुन्दासका गद्याख्यानको**

---

१. निर्मला तामाङ, सन् १९९१, **इन्द्र सुन्दासका कथाहरूको सामाजिक पृष्ठभूमि: अध्ययन**, स्नातकोत्तर लघु शोध प्रबन्ध, अप्रकाशित, सिलगढ़ी, उत्तर बङ्ग विश्वविद्यालय, पृ. सं. ६-७।

**विश्लेषण** [२] शीर्षकमा (सन् २००४) नेपाली गद्याख्यानको विकास र परम्पराको सामान्य चर्चाका साथै सुन्दासका प्रत्येक कथाहरूका प्रवृतिगत वर्णन गर्दै निष्कर्ष दिने क्रममा दार्जीलिङे नेपाली साहित्यमा कथा विधाको घडेरी बसाल्ने रूपनारायण सिंहको लगतै पछि आउने कथाकारको रूपमा इन्द्र सुन्दासका स्थान सुनिश्चितगरेका छन्।

शोधार्थी अनिता लामाले मा आफ्नो एम. फीलको लघु शोध प्रबन्ध **इन्द्र सुन्दासका कथाहरूको समीक्षात्मक अध्ययन** [३] शीर्षकमा (सन् २००६) सुन्दासका कथाहरू मूलतः सामाजिक यथार्थवादी, आञ्चलिक साथै उपदेशात्मक रहेको उल्लेख र अध्ययन गरेकी छन्। उनले भारतीय कथाहरूमध्ये थोरै लेखेर धेरै प्रसिद्धि पाउने कथाकारहरूमा सुन्दास अग्रणी रहेको उल्लेख गरेकी छन्। वस्तुतत्व र शिल्पका आधारमा सुन्दासका कथाहरू सफलताको कसीमा उत्तीर्ण भएका कुरा गर्दै सुन्दासका कतिपय कथाहरू इतिवृतात्मक भएतापनि ती कथाहरूमा रोचकता प्रशस्त पाइने तथा मानवीय जीवनको यथार्थ घटनासित सम्बन्धित छन् भन्ने निष्कर्ष प्रस्तुत गरेकी छिन्।

त्रिभुवन विश्वविद्यालय मानविकी सामाजिक सङ्काय शास्त्र अन्तर्गत **इन्द्र सुन्दासका कथाकारिता** [४] शीर्षकमा सन् २०१३ मा विद्यावारिधि गरेकी अनिता लामाले आफ्नो शोध प्रबन्धमा नेपाली कथाको विकास क्रम, कथा विश्लेषणको सैद्धान्तिक आधार, 'रानी खोला' सङ्ग्रहभित्रका कथाहरूको विश्लेषण, 'रोमन्थन' कथा सङ्ग्रहभित्रका कथाहरूको कथा-तात्विक विश्लेषण, 'साहित्य पथमा' भित्रका कथाहरूको विश्लेषण अनि 'इन्द्र सुन्दासका कथागत प्रवृत्तिहरू आदिलाई विश्लेषण गरी कथागत वैशिष्ट्यहरू खुट्याएका छिन्।

सन् २०१३ मा साहित्य अकादमी, नयाँ दिल्लीद्वारा प्रकाशित **भारतीय साहित्यका निर्माता** [५] शीर्षक पुस्तकमा नीना राईले 'इन्द्र सुन्दास' शीर्षक मनोग्राफमा इन्द्र सुन्दासको कथाहरूका विश्लेषण गर्दै कथाकार सुन्दासका सम्पूर्ण कथाहरूका वस्तुगत प्रवृत्तिअन्तर्गत (क) सामाजिक यथार्थवाद (ख) आञ्चलिक वा स्थानीय परिवेशको छाप (ग) आर्थिक विपन्न स्थितिको रूप (घ) मनोवैज्ञानिकता (ङ) मानवीय भावना वा प्रेमको स्वरूप (च) आदर्शता र नैतिकताको मर्यादा स्थापना तथा संरक्षण (छ) उद्देश्योन्मुख दृष्टि आदि विशेषताहरूलाई उपशीर्षक दिएर विशद अध्ययन प्रस्तुत गरेकी छिन्। यसबाहेक तिनले सुन्दासको कथाकारिताको शिल्पशैलीगत प्रवृत्तिअन्तर्गत (क) वर्णनात्मकता वा प्रवाहात्मकता (ख) व्यङ्ग्यात्मकता वा लाक्षणिकता (ग) भाषिक स्वाभाविकता (अकृत्रिम र स्वच्छ

---

२. महेश प्रधान, सन् २००४, **इन्द्र सुन्दासका गद्याख्यानको विश्लेषण**, **अध्ययन**, एम. फिल लघु शोध प्रबन्ध, अप्रकाशित, सिलगढ़ी, उत्तर बङ्ग विश्वविद्यालय, पृ. सं. ७७।

३. अनिता लामा, सन् २००६, **इन्द्र सुन्दासका कथाहरूको समीक्षात्मक अध्ययन**, एम. फिल लघु शोध प्रबन्ध, अप्रकाशित, सिलगढ़ी, उत्तर बङ्ग विश्वविद्यालय, पृ. सं. ६०-६७।

४. अनिता लामा, सन् २०१३, **इन्द्र सुन्दासको कथाकारित**, शोध प्रबन्ध, अप्रकाशित, त्रि. वि. मानविकी तथा सामाजिक सङ्काय शास्त्र अन्तर्गत विद्यावारिधि, काठमाडौं।

५. नीना राई, सन् २०१३ **भारतीय साहित्यका निर्माता इन्द्र सुन्दास**, साहित्य अकादमी, नयाँ दिल्ली।

भाषा) आदि बारे पनि चर्चा गरेकी छन्।

उत्तर बङ्ग विश्वविद्यालय नेपाली विभागका शोधार्थी बुनु शर्मालेसन् २०१४ मा आफ्नो एम. फील लघु शोध प्रबन्ध **इन्द्र सुन्दासका कथाहरूको सामजशास्त्रीय अध्ययन** [६] शीर्षकमा सुन्दासका कथाहरूका समाजशास्त्रीय सिद्धान्तको चर्चा गर्दै समग्र कथाहरूको विश्लेषण र मूल्याङ्कनगरेकी छिन्।

त्रिभुवन विश्वविद्यालय मानविकी सामाजिक सङ्काय शास्त्र काठमाडौंबाट **इन्द्र सुन्दासका उपन्यासकारिता** [७] शीर्षकमा सन् २०१४ मा नीना राईले विद्यावारिधि शोधमा उपन्यासको सैद्धान्तिक स्वरूप र विश्लेषण गर्दै इन्द्र सुन्दासको जीवनीगत विकास र उपन्यासकारिताको बिचको सहसम्बन्धको चर्चा गर्दै उपन्यासकार सुन्दासका चारैवटा उपन्यास **मङ्गली** (सन् १९५८), **जुनेली-रेखा** (सन् १९७९), **नियति** (सन् १९८२), **साहारा** (सन् १९९५) बारे पात्रगत, भाषा-शैली, पात्रहरूको लिङ्गगत् मनोवैज्ञानिक स्तरगत् वर्गीकरण गर्दै उपन्यासमा प्रयुक्त आख्यानकथनको पद्धति-विश्लेषण एवम् प्रत्येक उपन्यासहरूका प्रवतिगत चर्चा गरेकी छिन्।

डिकवीर मुखियाले सन् १९९७ मा उत्तर बङ्ग विश्वविद्यालयको नेपाली स्नातकोत्तर तहको क्रमिक मूल्याङ्कनका रूपमा प्रस्तुत गरेको शोधपत्र **इन्द्र सुन्दासको जीवनी, व्यक्तित्व र कृतिहरूको सर्वेक्षणात्मक अध्ययन** [८] मा सुन्दासको कथाकारको व्यक्तित्वका अध्ययन गर्ने क्रममा सामाजिक र मनोवैज्ञानिक पक्षको विशेष चर्चा गर्दै कथाकार शिवकुमार राई पछि आउने आञ्चलिक कथाकार इन्द्र सुन्दास नै हुन् भन्ने तर्क दिएको देखिन्छ।सुन्दासलाई आञ्चलिक कथाकारको रूपमा चिनाउन शोधकर्त्ता मुखियाले सुन्दासका कथाहरूको भाषिक अध्ययनमा आञ्चलिक स्वरूप प्राप्त हुनसक्ने चर्चा पनि गरेका छन्।

**दार्जिलिङका नेपाली कथाहरूको प्रवृतिगत विश्लेषण र मूल्याङ्कन (सन् १९३८ देखि सन् १९९० सम्म)** [९] नामक शीर्षकमा नेपाली विभाग, उत्तर वङ्ग विश्वविद्यालयमा प्रस्तुत विद्यावारिधिका शोध-प्रबन्धका प्रस्तोता इन्द्रबहादुर छेत्रीले दार्जीलिङका नेपाली कथाकारहरूका प्रवृतिगत अध्ययन गर्ने क्रममा इन्द्र सुन्दासका **रानी-खोला** कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरूका सामान्य समीक्षा गरेका छन्। तिनले यस कथासङ्ग्रहका कथाहरूलाई सामाजिक यथार्थवादी शीर्षक

---

६. बुनु शर्मा सन् २०१४, **इन्द्र सुन्दासका कथाहरूको समाजशास्त्रीय अध्ययन**, एम. फिल लघु शोध प्रबन्ध, अप्रकाशित, सिलगढ़ी, उत्तर बङ्ग विश्वविद्यालय।

७. नीना राई, सन् २०१४, **इन्द्र सुन्दासका उपन्यासकारिता**, शोध प्रबन्ध, अप्रकाशित, त्रि. वि. मानविकी तथा सामाजिक सङ्काय शास्त्र अन्तर्गत विद्यावारिधि, काठमाडौं।

८. डिकवीर मुखिया, सन् १९९७, **इन्द्र सुन्दासको जीवनी, व्यक्तित्व र कृतिहरूको सर्वेक्षणात्मक अध्ययन** स्नातकोत्तर लघु शोध प्रबन्ध, अप्रकाशित, सिलगढ़ी, उत्तर बङ्ग विश्वविद्यालय, पृ. सं. ५-६-७।

९. इन्द्र बहादुर छेत्री सन् २००४, **दार्जीलिङका नेपाली कथाहरूको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन (सन् १९३८ देखि सन् १९९० सम्म)**, शोध प्रबन्ध, अप्रकाशित, सिलगढ़ी, उत्तर बङ्ग विश्वविद्यालय, पृ. सं. ६५-६९।

दिएर त्यसमा प्राप्य सामाजिक चित्रण, आर्थिक चित्रण, तथ्यात्मकता, सङ्घर्षशीलता, मानवतावादी दृष्टिकोण आदिको संक्षिप्त विवेचना गरेका छन्। त्यसरी नै संरचनागत प्रवृतिअन्तर्गत नामकरण, संरचना, कथानक प्रकार र योजना, कथन पद्यति पात्र र चरित्र चित्रण, देशकाल र वातावरण, भाषा शैली आदिको पनि चर्चा गर्दै इन्द्र सुन्दासको **रानी-खोला**लाई दार्जिलिङको आधुनिक नेपाली कथाको विकास प्रक्रियाअन्तर्गत दोस्रो चरण (सन् १९५८ - सन् १९७०) मा रचित एवम् प्रकाशित प्रतिनिधि कथा सङ्ग्रहका रूपमा स्वीकारेको पाइन्छ।

यसै क्रममा विभिन्न कथा सङग्रह, समालोचना पुस्तकहरू, साहित्येतिहास एवम् पत्र- पत्रिकामा प्रकाशित इन्द्र सुन्दासका गद्याख्यान (कथा र उपन्यास) सम्बन्धित लेखिएका रचनाहरू पनि निम्न प्रकार उल्लेख गर्न सकिन्छ :

**सम्मेलन कथा सङ्ग्रह** [१०] (सन् १९७७) का सम्पादकगण तुलसी अपतन र अन्यअनुसार इन्द्र सुन्दास एक स्थानीय जन-जीवनलाई सजीव चित्रण गर्न सफल रहेका कथाकार मान्दै उनको **रानी खोला** (सन् १९६७) कथासङ्ग्रहभित्र जीवन-बोध, रहस्य-रोमाञ्च, आदर्श, कौतुहल र नैतिकतापूर्ण कथाहरूका माध्यम सामाजिक स्थिति जीवन्त रूपमा देखाउन सक्ने एक उम्दा कथाकार हुन् भनेको पाइन्छ।

राजनारायण प्रधानद्वारा सम्पादित **दार्जिलिङका कथा र कथाकार** [११] - खण्ड १ (सन् १९७८) शीर्षक पुस्तकमा तीनताकका नेपाली साहित्य परिषद्का उपाध्यक्ष कुमार प्रधानले'आफ्नो कुरा' शीर्षक दिएर सुन्दासका कथाकारितामाथि मन्तव्य पोख्दै रूसका कथाकारहरू संझनामा ल्याउने कथाकार इन्द्र सुन्दास हुन् भनेको भेटिन्छ। त्यसरी नै यसै सङ्ग्रहका सम्पादक राजनारायण प्रधानले इन्द्र सुन्दासका कथाहरूमा सरल हृदय र सरल विचार साथै टाल्सटाय र रवीन्द्रनाथका कथाहरू जस्तै तिनका कथाहरू पनि पठनीय, कलात्मक र उच्चकोटिका हुन्छन् भन्ने मत पोखेको पाइन्छ।

दयाराम श्रेष्ठको सम्पादनमा प्रकाशित **भारतीय नेपाली कथा** [१२] (सन् १९८२) पुस्तकमा लेखकले पुस्तकभित्रका सबै कथाहरूलाई कथ्य विभिन्नताका आधारमा वर्गीकरण गरेका छन्। यस पुस्तक्मा इन्द्र सुन्दासको कथा 'मधु' लाई हृदयको संसार र त्यसको प्रतिबिम्ब नामक वर्गभित्र राखेर चर्चा गरेको भेटिन्छ।

रामलाल अधिकारीले **नेपाली कथा यात्रा** [१३] (सन् १९८८) मा नेपाली कथा साहित्यको चर्चा गर्दै नेपाली कथाकारहरूले अँगालेका मुख्य मुख्य प्रवृत्तिहरूको सङ्क्षेपमा उल्लेख गरेका छन् । प्रस्तुत पुस्तकमा नैइन्द्र सुन्दासलाई स्थानीय जन जीवनका सुन्दर झलकहरू प्रस्तुत गर्ने साथै जीवन-

---

१०. तुलसी अपतन र अन्य (सम्पा.), सन् १९७७, **सम्मेलन कथा सङ्ग्रह**, दार्जीलिङ।

११. राजनारायण प्रधान (सम्पा.), सन् १९७८, 'आफ्नो कुरा', **दार्जिलिङका कथा र कथाकार**, दार्जिलिङ, पृ. सं. ४ ।

१२. दयाराम श्रेष्ठ (सम्पा.), सन् १९८२, **भारतीय नेपाली कथा**, काठमाडौं।

१३. रामलाल अधिकारी (सम्पा.), सन् १९८८, **नेपाली कथा यात्रा**, नयाँ दिल्ली, पृ. सं. १९७-२०८।

वोध, रहस्य-रोमाञ्च, आदर्श, नैतिकता र कौतूहलता आदि विशेषता दर्शाउने कथाकारका रूपमा उनले उल्लेख गरेका छन्।

घनश्याम नेपालको सम्पादनमा प्रकाशित **कथा-सागर** [१४] (सन् १९८९) मा इन्द्र सुन्दासलाई रूपनारायण सिंह र गुरूप्रसाद मैनाली सरह सामाजिक यथार्थवादी धाराका उत्तरवर्ती कथाकारका रूपमा उभयाएको पाइन्छ। मैनालीमा झैं जीवन र जगतमा सुखको भन्दा दुःखकै प्राचुर्यता सुन्दासका कथा र उपन्यासकारितामा पनि झल्किन्छ भन्ने मन्तव्य सम्पादक नेपालले व्यक्त गर्दै वर्गीय चित्रण, आदर्शवादी जीवनदृष्टि, स्थानीय रङ तथा आञ्चलिकता, कलात्मक भाषा र सजिलो वाक्य-विन्यास, पात्रगत मनोभूमिको विश्लेषण आदि सुन्दासका कथागत विशेषता हुन् भनीचर्चा गरेको पाइन्छ। प्रस्तुत सङ्ग्रभित्र सुन्दासको 'अनुताप' कथालाई समावेश गरिएको भेटिन्छ।

शान्तिराज शर्माद्वारा सम्पादित **भूषण** [१५] (सन १९९५) कथा सङ्ग्रह भित्र नेपाली कथा साहित्यको चर्चा गर्दै शर्माले नेपाली कथालेखन क्षेत्रका चौध जना स्थापित कथाकारहरूका परिचय तथा उनीहरूका कथाहरू समावेश गरेका छन्। नेपाली कथामा स्वच्छन्दतावादी लेखनको विस्तार गर्न रूपनारायण सिंह, शिवकुमार राई साथै इन्द्र सुन्दासले पनि 'गाड़ीवान', 'बलिराजको समाधि', 'अनुताप', 'चामलको महँगी', आदि कथाले टेवा दिएका हुनाले यी कथाकार त्रयी (सिंह, राई, सुन्दास) लाई त्यस युगका पथ प्रदर्शक मानेको देखिन्छ। तिनले सुन्दासको परिचय दिंदै कथामा रोमान्सेलीपन, आञ्चलिकता, यथार्थता, मानवीय उदार भावनाको सराहना गर्दै आदर्शोन्मुख यथार्थवादी कथाकारको रूपमा सुन्दासलाई चिन्हित गरेको पाइन्छ।

ईश्वर बरालद्वारा सम्पादित **झ्यालबाट** [१६] (सन् १९७६) मा बरालले इन्द्र सुन्दासको सामान्य परिचय दिंदै तिनका कथाकार व्यक्तित्वको चर्चा गरेको पाइन्छ। प्रस्तुत सङ्ग्रहमा बरालले सुन्दासलाई रूपनारायण सिंह पछिका विशेष दार्जीलिङ भेकमा नेपाली आख्यानको मात्र होइन त्यसमा प्रस्तुत विषयवस्तुका लेखनले उक्त परिवेश सँगै एकाकार हुने कथावस्तुका सामाजिक चित्रण गर्न सक्ने एक उम्दा आञ्चलिक कथाकारका रूपमा सुन्दासलाई चिन्हाएका छन्। उक्त कृतिमा बरालले सुन्दासका कथामा पाइने मनोवैज्ञानिकता (बालमनोवैज्ञानिकता), मानवताको प्रतिष्ठा, रहस्यात्मक चित्तवृत्ति, आध्यात्मिक तथा नीतिशिक्षामूलक विशेषतागत पक्षहरूको सोदाहरण चर्चा गरेको पाइन्छ।

अविनाश श्रेष्ठद्वारा सम्पादित **आधुनिक भारतीय नेपाली कथा** [१७] (सन् २००७) मा श्रेष्ठले कथाकार इन्द्र सुन्दासको सामान्य परिचय सँगै तिनका कथाहरूको कार्यपीठिका प्रायः गाउँ बस्ती, कमान वा कुनै अञ्चलविशेष हुनु, अद्भुत-अतिप्राकृतिक तथा मनोवैज्ञानिक यथार्थप्रति गम्भीर

---

१४. घनश्याम नेपाल (सम्पा.), सन् १९८९, **कथा-सागर**, गान्तोक, पृ. सं. १०।

१५. शान्तिराज शर्मा (सम्पा.), सन् १९९५, **भूषण (कथासङ्ग्रह)**, सिलगड़ी।

१६. ईश्वर बराल (सम्पा.), सन् १९९६, **झ्यालबाट**, काठमाडौं, पृ. सं. ३४५-३५८।

१७. अविनाश श्रेष्ठ (सम्पा.), सन् २००७, **आधुनिक भारतीय नेपाली कथा**, काठमाडौं, पृ. सं. २६१-२६४।

रूचि, समसामयिक वा युगसापेक्ष यथार्थको कथाङ्कन, इतिवृत्तात्मक, व्यक्तिचरित्रको सूक्ष्म अवलोकन, संयोग, भाग्यवाद र आदर्शोन्मुख यथार्थको पृष्ठपोषण आदि इन्द्र सुन्दासका कथाका मूलभूत प्रवृतिहरू हुन भनी टिप्पणी गरेको भेटिन्छ।

यी बाहेक विभिन्न लेखकहरूद्वारा लेखिएका वा तयार पारिएका पुस्तकहरूमा पनि इन्द्र सुन्दासका कथा र कथाकारिता वा उपन्यास र उपन्यासकारिता बारे सामान्य वा आवश्यक चर्चा, समीक्षा वा टिप्पणीहरू गरेका भेटिन्छन् ।

यस सन्दर्भमा शरदचन्द्र शर्मा (भट्टराई) र कमलकान्त सेढाईद्वारा सम्पादित **भारतेली नेपाली साहित्य र साहित्यकार** [१८] (सन् १९९८) पुस्तकभित्र 'कथाकार इन्द्र सुन्दासका कथा' शीर्षकमा ईश्वर बरालले पाश्चात्य जगतमा उपन्यास लेखनको थालनीको जानकारी अनि नेपाली उपन्यास लेखनको परम्परा र विकासको संक्षिप्त चर्चा गर्दै इन्द्र सुन्दासको उपन्यास 'मङ्गली' मा प्रयुक्त यथार्थवादलाई डन क्विक्झोट, माइकाहवेरको यथार्थवादी लेखनसँग तुलना गर्दै 'मङ्गली' उपन्यासमा प्रयुक्त प्रयोगशिलता एवम् शिल्पकारिताबारे चर्चा गरेको देखिन्छ ।

शरद छेत्रीले **केही पृष्ठहरू अध्ययनका** [१९] (सन् २००६) भित्र 'अग्रणी कथाकार इन्द्र सुन्दासज्यूको नवीनतम कथा-सङ्कलन-रोमन्थन' उप-शीर्षकमा सुन्दासको 'रोमन्थन' कथासङ्ग्रहका कथाहरूको विषयवस्तुपरक अध्ययन गरेको देखिन्छ । कथालाई कथाकारको व्यक्तित्वको एउटा अभिव्यक्ति ठान्नु हो भने सुन्दासका कथाहरू प्रायः सबै नै जीवनका प्रत्यक्ष वा परोक्ष घटित घटनाहरूमा केन्द्रित रहेका मन्तव्य छेत्रीले व्यक्त गरेका छन् । यसरी नै सुन्दासका अन्य कथा 'रानी-खोला', 'साहित्य पथ' का कथाहरूका पात्र-पात्राहरू जस्तै 'रोमन्थन' कथा सङ्ग्रहका विभिन्न चरित्रहरू पनि दुःखमा पनि सङ्घर्ष गर्दै उत्साहकासाथ बाँचेका पाइन्छन् भन्ने सार पनि उक्त लेखमा पाइन्छ ।

**स्वातन्त्र्योत्तर कालका नेपाली कथाहरू** [२०] (सन् २००८) नामक पुस्तकको सम्पादकीय भूमिकामा जीवन नामदुङले इन्द्र सुन्दासको कथागत विशेषताबारे चर्चा गर्दै– '' नेपाली कथा साहित्यका सन्दर्भमा परिचित कथाकारहरूमा इन्द्र सुन्दासको 'अद्भुत रोग' (प्रभात- १-२), 'ढिको सुन' ('प्रभात', १-१०), र 'ऋषिला' ('प्रभात', २-१२) विशेष उल्लेखनीय कथा हुन्। अञ्चल विशेषको जनजीवनमा आधारित यथार्थ घटनाक्रमलाई कथात्मकता प्रदान गर्न पोख्त सुन्दासका माथिका तीनैवटा कथाबाहेक कलकत्ताबाटै प्रकाशित ('उत्थान', १ अङ्क-४५, सन् १९४७),

---

१८. शरदचन्द्र शर्मा (भट्टराई) र कमलकान्त सेढाई (सम्पा.), सन् १९९८, **भारतीय नेपाली साहित्य र साहित्यकार**, सिक्किम ।

१९. शरद् छेत्री, सन् २००६, 'अग्रणी कथाकार इन्द्र सुन्दासज्यूको नवीनतम कथासङ्कलन-रोमन्थन', **केही पृष्ठहरू अध्ययनका**, सिक्किम, पृ. सं. ६७ ।

२०. जीवन नामदुङ(सम्पा.), सन् २००८, 'सम्पादकीय भूमिका', **स्वातन्त्रोत्तर कालका नेपाली कथाहरू**, नयाँ दिल्ली, पृ. सं. XV

'प्राणदान' कथालाई पनि यही प्रकारका नमूना कथा मान्न सकिन्छ। आदर्शोन्मुख यथार्थवादी कथा लेखनका क्षेत्रमा सुन्दासको बेग्लै स्थान सुरक्षित छ'’- भन्ने मन्तव्य व्यक्त गरेको देखिन्छ ।

**साहित्य, साहित्यकार र म** [२१] (सन् २००९) लेख-समीक्षा सङ्ग्रह नामक प्रस्तुत पुस्तकभित्र 'वरिष्ठ साहित्यकार इन्द्र सुन्दाससँग केही कुरा, केही विचार' शीर्षक दिएर असीत राईले साहित्यकार इन्द्र सुन्दासलाई सन् १९८२ मा साहित्य अकादमी पुरस्कार' प्राप्त भएपछि आकाशवाणी खर्साङ (रेडियो) द्वारा अन्तर्वाता लिने क्रममा सोधिएका मोठ २१ वटा प्रश्नहरू अनि इन्द्र सुन्दासले उक्त प्रश्नहरूका सम्बन्धमा दिइएका उत्तरहरूलाई समावेश गरेको पाइन्छ ।

अतः इन्द्र सुन्दासलाई सोधिएका प्रश्नहरूमा उनको साहित्यमा प्रवेश, साहित्य लेखनमा कुनै व्यक्ति विशेषको प्रेरणा, सुन्दासले साहित्य लेख्दा सामना गर्नु परेका विविध समस्या, आफ्नो प्रारम्भिक साहित्यिक कालमा सम्बन्धित रहेका साहित्यकारहरू र साहित्यिक पत्र-पत्रिकाहरूका विवरणहरू, रूपनारायण सिंह र सुन्दासको एउटै जन्म थलो खर्साङको सिपाहीधुरामा भएको हुँदा रूपनारायण सिंहसितको सम्बन्ध, रूपनारायण सिंहको पेशा र सुन्दासको पेशागत जीवनको परिवेश चित्रणको विवरणहरू, साहित्य लेखन र आधुनिकताबारे, नेपाली साहित्य र समाजको परिवेशविषयक, साहित्य साधकको आधारमा नयाँ पीढिँका उदयीमान साहित्कारहरूलाई सन्देश तथा सुझाउहरू जस्ता सोधिएका विविध कुरोहरूलाई सुन्दासले खुबै सरलर सुन्दर ढङ्गमा स्पष्ट पारेको भेटिन्छ । इन्द्र सुन्दासले दिएका प्रत्येक विवरणहरू उक्त कृतिमा उल्लेखनीय र महत्वपूर्ण तथ्यका रूपमा भेटिन्छन् । वरिष्ठ साहित्यकार रूपनारायण सिंहले दार्जीलिङको कचहरीमा वकालती गर्न थाल्दा आफू क्लास सिक्सको छात्र रहेको तथा विभिन्न समालोचक तथा साहित्यका पाठकहरूका विचारअनुसार विभिन्न तथ्य अघि आएपनि साहित्यकार सुन्दासको आफ्नै दृष्टिकोणमा भने आफ्ना चारैवटा औपन्यासिक कृतिहरूमध्ये **नियति** अनि कथा रचनाहरूमा **गाड़ीमान** नै सर्वश्रेष्ठ सिर्जना रहेको तथ्यहरू उक्त कृतिमा विचारयोग्य रहेको पाइन्छ ।

**केही कवि साहित्यकार र विविध लेखहरू (संक्षिप्त अध्ययन)** [२२] (सन् २०१०) नामक पुस्तकमा 'साहित्य अकादमी पुरस्कार प्राप्त लेखकहरू' शीर्षक दिएर के. बी. नेपालीले साहित्य अकादमी प्राप्त विभिन्न स्रष्टाहरूका लहरमा इन्द्र सुन्दासबारे जानकारीमूलक टिप्पणी गरेको पाइन्छ । प्रस्तुत लेखमा इन्द्र सुन्दासको कथागत प्रवृतिको चर्चा नगरिए तापनि सुन्दास आफ्ना मौलिक रचनासँगै अनुवाद साहित्यमा पनि त्यत्तिकै सुयोग्य र सफल थिए भनी चर्चा गरेको पाइन्छ ।

**कथाको सिद्धान्त र विवेचन** [२३] (सन् २०१०) नामक पुस्तकमा हरिप्रसाद शर्माले एक आदर्शवादी कथाकारका रूपमा इन्द्र सुन्दासलाई चित्रण गर्दै आदर्शोन्मुख सामाजिक यथार्थ दृष्टिका

---

२१. असीत राई, सन् २००९, 'वरिष्ठ साहित्यकार इन्द्र सुन्दाससँग केही कुरा, केही विचार', **साहित्य, साहित्यकार र म**, शिलगढ़ी, पृ. सं. ८२-८५ ।

२२. के. बी. नेपाली, सन् २०१०, **केही कवि साहित्यकार र विविध लेखहरू (संक्षिप्त अध्ययन)**, असम ।

२३. हरिप्रसाद शर्मा, सन् २०१०, **कथाको सिद्धान्त र विवेचन**, काठमाडौं ।

माध्यम दार्जिलिङे जीवनको निरीक्षण गर्न कथाकारको रूपमा सुन्दासलाई सफल मानेका छन् । आञ्चलिकताको स्वीकृति, शिल्प र वर्ण्यविषयका सोच सामाञ्जस्य गाद्यिक सरलता डायरी लेखन प्रयोगजस्ता विशेषताहरू पनि सुन्दासका कथामा पाइन्छन् भन्ने मनतव्य उक्त कृतिमा उल्लेख गरेको पाइन्छ।

**अवलोकन अववोधन** [२४] (सन् २०११) कृतिमा राजकुमार छेत्रीले भारतेली नेपाली कथामा विभिन्न समसामयिक पत्र-पत्रिकामार्फत् होस् अथवा कथासङ्ग्रह प्रकाशित गरेर होस्, आधुनिकताको जग हाल्ने कार्य भने निसन्देह कथाकार सिंह, सुन्दास, राई जस्ता युगसचेत, समाजसचेत कथाकारहरूबाट भएको अनि सिंह-सुन्दास-राईले जग हालेको कथालेखन यात्रा शैशवकालिन अवस्थाबाट किशोरावस्थातिर डोऱ्याउँदै र नयाँ चेतना भर्दै आधुनिक भारतीय नेपाली कथालाई विकासको अग्रगतिपथमा लैजाने काम गरेका छन् भन्दै कथाकार इन्द्र सुन्दास पनि त्यसका श्रेयभागी रहेको उल्लेख गरेका छन् ।

**परख** [२५] (सन् २०१२) नामक समालोचनात्मक लेखसङ्ग्रहमा जस योञ्जन 'प्यासी' ले इन्द्र सुन्दासको 'परिवर्तन' मा प्रकाशित 'सपनाको सम्झना' (सन् १९४८) र 'गाडावान' (पछि गाडीवान सन् १९४८) दुवै कथाले सामाजिक यथार्थलाई चित्रण गरेका बताउँदै सिंह-सुन्दास-राई लाई नै आधुनिक कथाको तानाबानामा अघिल्लो पङ्क्तिका प्रतिष्ठित लेखकहरू मानेका छन् । यस लेखसङ्ग्रहभित्र रहेको 'आधुनिक भारतीय नेपाली कथामा सामाजिक यथार्थता' चर्चामा 'इन्द्र सुन्दासको कथामा दार्जिलिङ वा यसका छेउछाउको समाज, वन, पाखा, डाँडा-काँडा, गाउँ-वस्ती, चियाकमान इत्यादिको चित्रण पाइन्छ भन्ने टिप्पणी भेटिन्छ।

**सिर्जनाको समावलोकन** [२६] (सन् २०१३) कृतिमा राजकुमार छेत्रीले 'इन्द्र सुन्दासको कथाकारिता' नामक शीर्षक लेखमा कथारकारत्रय सिंह-सुन्दास-राई- का आख्यान दार्जीलिङ अञ्चलका बहुसङ्ख्यक नेपालीहरूका लोक जीवनसित सम्बद्ध गाथा मानेको पाइन्छ । आफ्ना कथामा निम्न र निम्नमध्यमवर्गीय पात्रहरू प्रयोग गर्दै सामाजिक स्थितिलाई टड्कारो रूपमा देखाउन इन्द्र सुन्दास एक खप्पिस, एक विशुद्ध र आञ्चलिक कथाकार हुन् भन्ने मत छेत्रीले व्यक्त गरेका देखिन्छन् ।

**आधुनिक नेपाली उपन्यास** [२७] (सन् १९९३ ) नामक पुस्तकमा मोहन पी. दाहालले **'**जुनेली रेखा : 'हट्टाबाहर' प्रथाको विशेष सन्दर्भसहित विवेचन' शीर्षकमा इन्द्र सुन्दासको प्रस्तुत उपन्यासलाई यथार्थवादमा आधारित रहेको कृति मानेका छन् ।दाहालले इन्द्र सुन्दासको प्रस्तुत

२४. राजकुमार छेत्री, सन् २०११, **अवलोकन-अववोधन**, दार्जीलिङ, पृ. सं १२९ ।

२५. जस योञ्जन 'प्यासी', सन् २०१२, **परख**, दार्जीलिङ, पृ. सं. २१४।

२६. राजकुमार छेत्री, सन् २०१३, **सिर्जनाको समावलोकन**, दार्जीलिङ ।

२७. मोहन पी. दाहाल, सन् १९९३, **'**जुनेली रेखा : 'हट्टाबाहर' प्रथाको विशेष सन्दर्भसहित विवेचन' **आधुनिक नेपाली उपन्यास**, दार्जीलिङ, पृ. सं. ७८-७९ ।

उपन्यासको चर्चा गर्दै त्यहाँ उल्लेखित अङ्ग्रेज चियाकमानका मालिकहरूले चिया श्रमिकहरूमाथि व्यवहार गरेका 'हट्टाबाहर' जस्तो अमानवीय सास्तीलाई ऐतिहासिक तथ्यको रूपमा विवेचना गरेको पाइन्छ। '**जुनेली रेखा**' उपन्यासको कथावस्तुले यद्धपि कमानमा मजदूरहरू संगठित भएको कालमा प्रवेश नगरेको तर अङ्ग्रेजहरूको अत्यचार र शोषणको विरूद्ध चिया श्रमिकहरूको मानसिकतामा सरसल्लाह वा कुमेटी गरी एक भएर जाग्नु पर्ने चेतनाले भने जन्मलिईसकेको कुरोको सङ्केत पनि उक्त कृतिमा पाइन्छ।

लक्खीदेवी सुन्दासले **समय र समीक्षण** [२८] (सन् २००८) कृतिमा 'उपन्यासमा दार्जीलिङको जीवन श्री इन्द्र सुन्दास : मङ्गली' उप-शीर्षकमा प्रस्तुत उपन्यासले दार्जीलिङे जीवनको प्राथमिक कालीन अशिक्षित स्थिति, अत्यवस्थित जीवन प्रतिष्ठाको निम्ति गरिएको सङ्घर्ष र यहाँको अशिक्षाको अन्धकारमय जीवनलाई टड्कारो रूपमा चित्रित पार्न खोज्न सफल भएको भन्दै सम्पूर्णतामा यस उपन्यासलाई उनले दार्जीलिङे जीवन यथार्थको इतिहास भनेर बताएकी भेटिन्छ। यसरी नै उनले युगौंदेखि नारीले समाजमा विभिन्न अत्याचारहरू खपेर शोषित बन्दै आइरहनु परेको इतिहासलाई **मङ्गली**ले नौलो दिशा दिएको र नारी शोषण परम्पराको लामो श्रृङ्खलालाई तोड्ने कार्य समेत गरेका छन् भन्ने विचार व्यक्त गरेकी पाइन्छ।

**आधुनिक भारतेली नेपाली उपन्यास** [२९] पुस्तकमा प्रतापचन्द्र प्रधानले उन्यासकार इन्द्र सुन्दासको **मङ्गली** (सन् १९५९) र **जुनेली रेखा** (सन् १९६८) लाई भारतीय नेपाली उपन्यासपरम्परामा बाङ्देलले स्थापना गरेको सामाजिक यथार्थवादी र अतियथार्थवादी औपन्यासिक धाराभन्दा पनि रूपनारायणकै स्वच्छन्दतावादी औपन्यासिक धारालाई आत्मसात गरेर त्यस अवधिका उपन्यासलेखन परम्परालाई निरन्तरता दिने कार्य गरेका कुरा व्यक्त गरेका देखिन्छ।

यसबाहेक साहित्येतिहासमूलक पुस्तकहरूमा प्रकाशित इन्द्र सुन्दास र तिनका कृतिहरू बारे गरिएका विवरणहरू त्यत्तिकै उल्लेखनीय पाइन्छ। भारतीय नेपाली गद्याख्यानकारहरू रूपनारायण सिंह र शिवकुमार राईका समकालीन इन्द्र सुन्दास आफ्ना सफल गद्याख्यानलेखन उपलब्धिका कारण नेपाली गद्याख्यान संसारमा प्रसिद्ध रही आएका छन्। नेपाली साहित्य जगतका विभिन्न साहित्येतिहासकारहरूले गद्याख्यानकार सुन्दासलाई एक मूर्धन्य कथार उपन्यास साधकका रूपमा चिनाउने काम गरेको देख्न पाइन्छ। यस सन्दर्भमा अङ्ग्रेजी भाषामा लेखिएको **हिस्ट्री अफ् नेपाली लिटरेचर** [३०] (सन् १९८४) पुस्तकमा इन्द्र सुन्दासको कथालेखनबारे लेखक कुमार प्रधानले सुन्दासका कथाहरूमा ग्रामीण जीवनका साधारण मानिसहरूको यथार्थ चित्रणका साथै ग्रामीण वातावरणको मर्मस्पर्शी वर्णन गरिएको हुन्छ भन्ने विचार पोखेको पाइन्छ। यसै 'हिस्ट्री अफ् नेपाली लिटरेचर' (सन् १९८४) पुस्तकलाई मैथली भाषामा **नेपाली साहित्यिक इतिहास** [३१] (सन् १९९१) नाम दिएर अनुवाद गर्ने गोविन्द झाले प्रस्तुत पुस्तकभित्र इन्द्र सुन्दासको कथा लेखनबारे इन्द्र सुन्दासको पहिलो कथा 'नेबुला' (सन् १९३६)- मा 'सपनाको सम्झना' (स्वप्नक स्मृति) छापिएको

२८. लक्खीदेवी सुन्दास, सन् २००८, 'उपन्यासमा दार्जीलिङको जीवन श्री इन्द्र सुन्दास : मङ्गली' **समय र समीक्षण**, दार्जीलिङ, पृ. सं. २९।

२९. प्रताप चन्द्र प्रधान, सन् २०१४, 'भारतीय नेपाली उपन्यास परम्पराः संक्षिप्त रूपरेखा', '**आधुनिक भारतेली नेपाली उपन्यास**, (प्र.सम्पा.- दिलकुमार प्रधान), वीरपाडा कलेज, पृ. सं. १३।

३०. कुमार प्रधान, सन् १९८४, **अ हिस्ट्री अफ् नेपाली लिटरेचर**, नयाँ दिल्ली, पृ. सं. १५४ ।

३१. गोविन्द झा, सन् १९९१, **नेपाली साहित्यिक इतिहास** (मैथिली अनु.), नयी दिल्ली, पृ. सं. १६३।

उल्लेख गर्दै इन्द्र सुन्दासका कथाहरूमा ग्रामीण जीवनको गहन परिचय पाइन्छ तथा साधारण लोक परिवेश, हर्ष-विषादक आदिको पनि मार्मिक चित्रण, सत्यको सदैव असत्यमाथि विजय, मानवीय वा पारम्परिक मूल्यको पक्षधर मान्दै 'चामलको महँगी', 'ऋषिला', 'भवितव्य' सुन्दासका उत्कृष्ट कथाहरू हुन् भन्ने मन्तव्य व्यक्त गरेको पाइन्छ।

**नेपाली साहित्यको संक्षिप्त इतिहास** [३२] (सन् १९९२) पुस्तकमा दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली साहित्यको आधुनिककाल अन्तर्गत हृदयचन्द्रसिंह प्रधान, इन्द्र सुन्दास र पूर्णदास श्रेष्ठ यी तीन कथाकार मैनालीय प्रवृति अर्थात् आदर्शोन्मुख सामाजिक यथार्थवाद अन्तर्गत पर्ने कथाकारहरू हुन् भनी उल्लेख गरेको पाइन्छ।

**नेपाली साहित्य-इतिहासको रूपरेखा** [३३] (सन् १९९८) मा शान्तिराज शर्माले नेपाली साहित्यको आधुनिक काललाई पूर्व, मध्य र उत्तर तीन भागमा विभाजन गर्दै मध्य आधुनिक कालअन्तर्गत इन्द्र सुन्दासको स्थान निर्धारण गरेका छन्। कथाकार इन्द्र सुन्दासले साहित्यका आख्यान विधामै केन्द्रित भई सरल सहज भाषा शैलीमा जन-जीवनलाई चिहाउँदै गरेका साहित्यिक कार्य उत्तिकै उल्लेख्य छन् एवम् साहित्यका सैद्धान्तिक पक्षको चेतनाले नडोऱ्याइका हुनाले सुन्दासमा पनि सहज जनमुखी धाराको विकास भएको छ भन्ने मन्तव्य व्यक्त गरेको पाइन्छ।

**भारतीय नेपाली साहित्यको विकासक्रम** [३४] (सन् २००४) मा असीत राईले 'आधुनिक भारतीय कथा साहित्य' शीर्षक दिएर इन्द्र सुन्दासको 'खोजी' पत्रिकामा सन् १९४० तिर **गाड़ीमान** कथा छापिएपछि कथाकारको रूपमा परिचित भएको कुराको उल्लेख गरेका छन् । राईअनुसार नेपाली कथाका क्षेत्रमा सुन्दासले ग्रामीण जनजीवन अँगालेर दुःख, दैन्य र समस्याहरूलाई राम्ररी चित्रण गरेको कारण यिनको सर्वश्रेष्ठ कथा 'अनुताप' हो भनी टिप्पणी गरेको भेटिन्छ।

**नेपाली साहित्यको परिचयात्मक इतिहास** [३५] (सन् २००९) मा घनश्याम नेपालले रोमान्टिक कालीन कथा अन्तर्गत मैनाली र सिंहको परम्परा अनुसरण गर्ने अन्य कथाकारसँगै इन्द्र सुन्दासलाई पनि राखेका छन् । यसमा सुन्दासका **रानी-खोला** (सन् १९७७) कथासङ्ग्रहको आंशिक चर्चा गरेका छन्।

यसबाहेक विविध पत्र-पत्रिकामा सङ्ग्रहित इन्द्र सुन्दासका गद्याख्यान (कथा र उपन्यास) विषयक लेख-समालोचनाहरू देख्न पाइन्छ –

---

३२. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, सन् १९९२, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, काठमाडौं, पृ. सं. ६८।

३३. शान्तिराज शर्मा, सन् १९९८, **नेपाली साहित्य इतिहासको रूपरेखा**, सिलगढ़ी, पृ. सं. ११०।

३४. असीत राई, सन् २००४, 'आधुनिक भारतीय कथा साहित्य', **भारतीय नेपाली साहित्यको विकासक्रम** दार्जीलिङ, पृ. सं. ११५ ।

३५. घनश्याम नेपाल, सन् २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगढ़ी, पृ. सं. १९३।

**स्रष्टा** [३६] (सन् १९९१) कथा विशेषाङ्कमा प्रकाशित 'भारतीय नेपाली कथा : एउटा सर्वेक्षण' नामक लेखमा राजेन्द्र भण्डारीअनुसार 'भारतीय नेपाली कथाको पहिलो उठानलाई सिंह-सुन्दास-राईको सूत्रले चिन्दा नै त्यस युगलाई सटीक रूपले चिनिन्छ । यी कथाकारत्रय अनि यिनका समकालीनहरूका कथाको ठुलो डफ्फालाई नियाल्दा तत्कालीन कथाको परिप्रेक्ष्य रोमाण्टिक भावभूमि, इतिवृत्तात्मकता, आदर्शोन्मुख यथार्थवाद आदि' रहेको जानकारी पाइन्छ।

बिन्द्या सुब्बाले काशी हिन्दू विश्वविद्यालयबाट सन् २००० मा प्रकाशित **स्मारिका** [३७] को 'भारतीय नेपाली कथा साहित्य' शीर्षक लेखमा भारत स्वतन्त्र हुनअघि भारतीय नेपाली कथा विधामा उल्लेखनीय योगदान पुऱ्याउने कथाकारहरूमध्ये सुन्दास पनि एक हुन भन्ने विचार व्यक्त गरेकी छिन् ।

कविता लामाले **स्थापना** [३८] (सन २००६) मा प्रकाशित 'नेपाली कथामा सामाजिक आलोचनाका विशिष्टता' शीर्षक लेखमा दु:खी दयनीय जीवनको यथार्थ चित्रण शिवकुमार राईको 'माछाको मोल', 'मानिस' र 'टीका' कथामा सामाजिक दुर्व्यवस्थाप्रति विरोध गर्नाको साटो यिनी सामाजिक रूढिको उद्घाटन मात्र गर्छन् भने मैनालीको झैं सामाजिक आदर्शलाई प्रमुख स्वर दिने कथाकार इन्द्र सुन्दास आफ्ना कथाहरूमा 'चामलको महँगी' र 'गाड़ीमान'-मा सामाजिक-आर्थिक अवस्थाको यथार्थ चित्रण मात्र प्रस्तुत गर्छन् भन्ने मन्तव्य व्यक्त गरेकी पाइन्छ।

अनिता लामाले **सुनाखरी समाचार** [३९] (१० अगस्त, सन् २००८) मा प्रकाशित आफ्नो लेख 'इन्द्र सुन्दासका कथागत प्रवृति विश्लेषण' शीर्षकमा नेपाली कथालेखन क्षेत्रमा सुन्दासको स्थान र योगदानबारे सामान्य चर्चा गर्दै उनको 'रानी खोला' कथा सङ्ग्रहका कथाहरूलाई वस्तुगत प्रवृतिअन्तर्गत (क) सामाजिक यथार्थवाद, (ख) आर्थिक विपन्न स्थितिको रूप, (ग) आञ्चलिक वा स्थानीय परिवेशको छाप, (घ) मनोवैज्ञानिकता, (ङ) मानवीय भावना वा प्रेमको स्वरूप, (च) आदर्श र नैतिकताको मर्यादा स्थापना तथा संरक्षण अनि (छ) उद्देश्योन्मुख दृष्टि आदिको आधारमा विश्लेषण गरेकी पाइन्छ।

---

३६. राजेन्द्र भण्डारी, सन् १९९१, 'भारतीय नेपाली कथा : एउटा सर्वेक्षण '- पहिलो उठान : स्फुरणकाल सिंह-सुन्दास- राई , **स्रष्टा** (सम्पादकद्वय- केदार गुरूङ र उपमान बस्नेत), वर्ष – १२, अंक – ३०, सिक्किम, पृ. सं. Viii।

३७. विन्द्या सुब्बा, सन् २०००, 'स्वतन्त्रतापछिको भारतीय नेपाली कथा साहित्य', **स्मारिका** (काशी हिन्दू विश्वविद्यालय), वाणारासी, पृ. सं. ६३।

३८. कविता लामा, सन् २००६, 'नेपाली कथामा सामाजिक आलोचना विशिष्टता', **स्थापना** ( सम्पा. वीरभद्र कार्कीढोली ), गान्तोक, पृ. सं. ५४ ।

३९. अनिता लामा, सन् २००८, 'इन्द्र सुन्दासका कथागत प्रवृत्ति विश्लेषण', **सुनाखरी समाचार**, साहित्याकाश, सिलगढ़ी, पृ. सं. ५-६।

सन् २०१० मा प्रकाशित **चरित्र** [४०] कथा विशेषाङ्कमा 'भारतेली नेपाली कथा र पूर्ण राईको सम्झना' शीर्षक लेखमा घनश्याम नेपालले भारतीय नेपाली कथा-लेखनको पुग- नपुग एक शताब्दी लामो इतिहासका चारवटा मुख्य चरणहरू खुट्ट्याएका छन्। यस रचनामा सन् १९६० पूर्वसम्म पहिलो चरण मान्दै यस चरणका प्रतिनिधि कथाकारहरूमा रूपनारायण सिंह, इन्द्र सुन्दास, शिवकुमार राईलाई प्रमुख स्थान दिएर भारतेली नेपाली कथाका उपर्युक्त चारवटा चरण र धाराहरूमा समाजमुखी धारा नै साझापन रहेको कुरो बताएका छन् ।

टी. बी. रायमाझीले **बाडुली** [४१] (सन् २००७ ) मा प्रकाशित आफ्नो लेख **इन्द्र सुन्दासको मङ्गलीका केही तथ्य** भित्र 'मङ्गली' उपन्यास एक ऐतिहासिक यथार्थवादी कथावस्तुमा आधारित रहेको बताउँदै उपन्यासमा वर्णित परिवेशलाई सन् १९३९-४५ को दोस्रो विश्वयुद्धको प्रसङ्गसित तुलनात्मक चर्चा गरेका छन् । यसबाहेक उपन्यासकार सितको एक साक्षात्कारमा आफ्नो हजुरबा सरदार बलभद्र सिंह्को कुनै उल्लेख छ ? भन्ने प्रश्न गर्दा रायमाझीलाई स्वयं उपन्यासकार सुन्दासले 'मङ्गली' पढ़, तिम्रै हजुरबा र जेठाबाको चरित्र पाउनेछौ भन्ने उत्तर दिएको तथ्य उल्लेख गरेका पाइन्छ।

अनिलकुमार छेत्रीले **हिमालय दर्पण** [४२] (वर्ष : ६, अंक : ११७, १६ नोभेम्बर सन् २००७) मा प्रकाशित 'उपन्यासकार इन्द्र सुन्दासका औपन्यासिक प्रवृति अनि उनको 'सहारा' उपन्यासको विश्लेषण' शीर्षक लेखमा भारतीय नेपाली उपन्यास परम्परामा इन्द्र सुन्दासको स्थान र योगदान सामान्य चर्चा गर्दै सुन्दासको 'सहारा' उपन्यासको प्रवृत्तिमूलक अध्ययन र विश्लेषण गरेको पाइन्छ।

८ अप्रेल सन् २००८ को दिन नेपाली विभाग-कालेबुङ महाविद्यालयमा आयोजित राष्ट्रिय सङ्गोष्ठीको विषय **भारतीय नेपाली गद्याख्यान** मा कबीर बस्नेत र विनेश प्रधानद्वारा प्रस्तुत गरिएको सङ्गोष्ठी कार्यपत्रको शीर्षक **उत्तर औपनिवेशिक सन्दर्भ र इन्द्र सुन्दासका उपन्यास** [४३] भित्र साहित्यमा उत्तरऔपनिवेशिक लेखनको आरम्भ र उत्तर औपनिवेशिकता वादको आंशिक चर्चा गरिएको भेटिन्छ । इन्द्र सुन्दासका चारवटा उपन्यासहरू क्रमैले 'मंगली' (सन् १९५८), 'जुनेली रेखा' (सन् १९७९), 'नियति' (सन् १९८२) र 'सहारा' (सन् १९९५) मा परिलक्षित औपनिवेशिक प्रभावको प्रसङ्गलाई कथावस्तु, देश काल र वातावरण अनि चरित्रको

---

४०. घनश्याम नेपाल, सन् २०१०, 'भारतेली नेपाली कथा र पूर्ण राईको सम्झना', **चरित्र** ( सम्पा. - सहदेव एस. गिरी ) , वर्ष - २५, पूर्णाङ्क १०, कालेबुङ, पृ. सं. ४१-४२ ।

४१. टी. बी. रायमाझी, सन् २००७, 'इन्द्र सुन्दासको मङ्गलीका केही तथ्य', **बाडुली** ( सम्पा. - बिजय सुवेदी), सम्झना २८, हिक्का ११, सिलगढ़ी, पृ. सं. ५७ ।

४२. अनिलकुमार छेत्री, सन् २००७, 'उपन्यासकार इन्द्र सुन्दासका औपन्यासिक प्रवृति अनि उनको 'सहारा' उपन्यासको विश्लेषण' **हिमालय दर्पण**, वर्ष : ६, अंक : ११७, (सम्पा.-कुमार प्रधान), सिलगड़ी, पृ. सं. ७।

४३. कबीर बस्नेत र विनेश प्रधान, सन् २००८, 'उत्तर औपनिवेशिक सन्दर्भ र इन्द्र सुन्दासका उपन्यास', **भारतीय नेपाली गद्याख्यान**, (राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत कार्यपत्र), कालेबुङ महाविद्यालय।

पृष्ठभूमिमा राखेर सामान्य विश्लेषण गरिएको पाइन्छ। बस्नेत र प्रधानले नेपाली साहित्य जगतमा इन्द्र सुन्दासलाई नेपाली उपन्यास लेखन क्षेत्रमा तिनले पुऱ्याएको योगदानको चर्चासितै तिनको स्थान निर्धारण र मूल्याङ्कन पनि गरेको देखिन्छ।

यस आतिरिक्त स्रष्टा इन्द्र सुन्दासमाथि विभिन्न लेखक र समालोचकहरूले आ-आफ्नै ढङ्गमा टिप्पणी गरेका पनि भेटिन्छन्। यस सन्दर्भमा **समय र समीक्षण** [४४] (सन् २००८) मा लक्खीदेवी सुन्दासअनुसार दार्जीलिङ्का सामाजिक, राजनैतिक, आर्थिक र बौद्धिक जीवनलाई लिएर लेखिएका उपन्यासहरूमा रूपनारायण सिंहको **भ्रमर**, लैनसिंह बांगदेलको **मुलुक बाहिर**, अच्छा राई 'रसिक' को **लगन**, शिवकुमार राईको **डाक बङ्गला**, इन्द्र सुन्दासको **मङ्गली** र इन्द्रबहादुर राईको **आज रमिता छ** हुन् भनेर उल्लेख गरेकी पाइन्छ। लक्खीदेवी सुन्दासले इन्द्र सुन्दासको **मङ्गली** उपन्यास प्रकाशनमा केही कान्छो भएर सन् १९५८ मा प्रकाशित भए तापनि अन्य उपन्यासकार रूपनारायण सिंह, शिवकुमार राई, लैनसिंह बाङ्गदेलकै समकालीन सुन्दास पनि हुन् भनेर आफ्नो मन्तव्य दिएकी पाइन्छ।

मोहन पी. दाहालले **आधुनिक नेपाली उपन्यास** [४५] (सन् १९९३) पुस्तकभित्र '२० औं शताब्दीको उत्तरार्धको पहिलो दशक (१९५१-६०)' उपशिर्षकमा यस दशकमा अनेकौ नेपाली उपन्यासहरू प्रकाशित भए तापनि प्रवृतिगत दृष्टिले यस अवधिका उपन्यासहरू मूलतः दुइ धारामा बगेको चर्चा गर्दै पहिलो, **रूपमति** उपन्यासबाट ठोस रूपमा प्रारम्भ भएको आदर्शोन्मुख यथार्थवादी प्रवृति र दोस्रो **मुलुक बाहिर** उपन्यासबाट यथार्थवादी प्रवृति प्रारम्भ भएको किटान गरेका छन्। पहिलो धाराभित्र पर्ने औपन्यासिक कृतिहरूमा मुक्तिनाथ तिमसिनाका **मातृत्व र धर्मपुस्तक** (१९५०), मोहनबहादुर मल्लका **उजेली छाया** (१९५१), **पञ्चायत** (१९५३), **को अछुत** (१९५४), **समयको हुरी** (१९५७) र **भुमरी** (१९५८), भुवनेश्वर कोइरालाका **बैकुण्ठको महल** (१९५६), इन्द्र सुन्दासको **मङ्गली** (१९५८), लीलाध्वज थापाका **मन** (१९५८) र **पूर्वस्मृति** (१९५९) तथा दौलतविक्रम विष्टको **मञ्जरी** (१९५९) आदि लाई उल्लेख योग्य भनी टिप्पणी गरेको पाइन्छ।

**भारतीय नेपाली साहित्य र संस्कृतिको झलक** [४६] (सन् २००४ ) भित्र देवी पन्थीले सन् १९८१ देखि सन् १९९१ बिचको अवधिमा प्रकाशित भारतीय नेपाली साहित्यमा देखा पर्ने विशिष्ट उपन्यासहरूमा इन्द्र सुन्दासका **नियति** (१९८३) र **जुनेली रेखा** (१९८४) को उल्लेख गरेको पाइन्छ।

---

४४. लक्खीदेवी सुन्दास, सन् २००८, **समय र समीक्षण**, दार्जीलिङ, पृ. सं. १०१।

४५. मोहन पी. दाहाल, सन् १९९३, '२० औं शताब्दीको उत्तरार्धको पहिलो दशक(१९५१-६०)', **आधुनिक नेपाली उपन्यास**, दार्जीलिङ, पृ. सं. २१ ।

४६. देवी पन्थी, सन् २००४, **भारतीय नेपाली साहित्य र संस्कृतिको झलक**, काठमाडौं, पृ. सं. ८५ ।

**आख्यान अनुशीलन** [४७] (सन् २०११) पुस्तकभित्र नेपाली कथाको 'विकासकाल वा रोमाण्टिककाल' उपशीर्षक राखेर नवीन पौड्यालले नेपाली आख्यान साहित्यमा आधुनिकता ल्याउने मूल थलो दार्जीलिङ र कथा तथा उपन्यास दुवै विधामा आधुनिकता ल्याउने रूपनारायण सिंह हुन् भनेका छन् । यस कृतिमा धर्मरत्न यमीको **समाजको यौटा झलकमा**, लैनसिंह बाङ्देलको **मुलुकबाहिर, माइतघर, लङ्गड़ाको साथी, रेम्ब्रान्ट**, अच्छा राई 'रसिक' को **लगन** र **दोभान**, शिवकुमार राईको **डाकबङ्गला**, सुभद्रा सुब्बाको **बाल महाभारत**, कृष्णसिंह मोक्तानको **चरणधूली**, **अशेष यात्रा** र **जीवन परिक्रमा** आदि झैं इन्द्र सुन्दासका **मङ्गली, जुनेली रेखा**, **नियति**, **सहारा** आदि उपन्यास पनि यस कालका प्रमुख उपज हुन् भन्ने टिप्पणी गरेको पाइन्छ।

प्रतापचन्द्र प्रधानले **आधुनिक भारतेली नेपाली उपन्यास** [४८] (सन् २०१४) पुस्तकको 'भारतीय नेपाली उपन्यास परम्परा : संक्षिप्त रूपरेखा' उप-शीर्षकमा उन्यासकार इन्द्र सुन्दासको 'मङ्गली' (सन् १९५९) र 'जुनेली रेखा' (सन् १९६८) उपन्यासलाई भारतीय नेपाली उपन्यास परम्परामा बाङ्देलले स्थापना गरेको सामाजिक यथार्थवादी-अतियथार्थवादी औपन्यासिक धाराभन्दा पनि रूपनारायणकै स्वच्छन्दतावादी औपन्यासिक धारालाई आत्मसात गरेर त्यस अवधिका उपन्यास लेखन परम्परालाई निरन्तरता दिने कार्य गरेको बताएका छन्।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** [४९] (सन् १९९२) भित्र लैनसिंह बाङदेलको 'मुलुक बाहिर' उपन्यासलाई उपन्यास-शिल्पका दृष्टिले कोसेढुङ्गो मान्दै उनी पछि नेपाली उपन्यास लेखनमा अच्छा राई 'रसिक', डायमनशमशेर, मोहनबहादुर मल्ल, हृदय चन्द्रसिंह प्रधान, लीलबहादुर क्षेत्री, लीलाध्वज थापा, इन्द्र सुन्दास, तुलसीराम कुँवर जस्ता प्रसिद्ध उपन्यासकारहरूको अवतरण भएको मन्तव्य गरेको पाइन्छ।

असीत राईले **साहित्य, साहित्यकार र म** [५०] (सन् २००९) नामक पुस्तकभित्र नेपाली उपन्यासको महासमर काल तथा आधुनिक काल (१९१४-१९४६) मा एउटै उपन्यास 'भ्रमर' लाई कोष ढुङ्गाको रूपमा मान्दै लैनसिंह बाङ्देल, शिवकुमार राई, इन्द्र सुन्दास, काशी बहादुर श्रेष्ठ जी. छिरिङ, वीरेन्द्र सुब्बा, अच्छा राई 'रसिक' आदि यस कालका प्रसिद्ध उपन्यासकारहरू रहेको उल्लेख गरेको पाइन्छ।

उपर्युक्त पूर्वकार्यको सर्वेक्षण र विद्वतजनहरूका मन्तव्यहरूबाट के कुरो स्पष्ट हुन्छ भने नेपाली भाषा र साहित्यमा इन्द्र सुन्दासको प्रवेश एउटा युगान्तकारी घटना हो ।उनी नेपाली भाषा र

---

४७. नवीन पौडयाल, सन् २०११, **आख्यान अनुशीलन**, चन्दननगर, पृ. सं. ५ ।

४८. प्रतापचन्द्र प्रधान, सन् २०१४, 'भारतीय नेपाली उपन्यास परम्परा : संक्षिप्त रूपरेखा' '**आधुनिक भारतेली नेपाली उपन्यास**, पूर्ववत्, पृ. सं. १३ ।

४९. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, सन् १९९२, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पूर्ववत्, पृ .सं. ११० ।

५०. असीत राई, सन् २००४, **भारतीय नेपाली साहित्यको विकासक्रम**, पूर्ववत्, पृ. सं. १५१ ।

साहित्यका क्षेत्रमा आधुनिककालको पूर्वार्द्धमा क्रियाशील रहेर साहित्य सिर्जनाका दिशामा महत्त्वपूर्ण योगदान दिने सक्षम व्यक्तिका रूपमा देखा पर्दछन्। अधिकाङ्श समालोचकहरूअनुसार इन्द्र सुन्दासका गद्याख्यानमा आञ्चलिकता, भाग्यवाद, आदर्शोन्मुख यथार्थवाद, अद्भुत-अतिप्राकृतिक तत्त्व, मानवीय चित्रण आदि विषयवस्तुलाई प्रमुख रूपमा ग्रहण गरेको मान्छन् । तथापि इन्द्र सुन्दासका गद्याख्यानको मूलप्राप्ति एवम् प्रवृत्तिहरू के के हुन् ? तथा तिनको रचनागत अभिष्ट के के हुन् ? भन्ने तथ्यहरूलाई सूक्ष्म अवलोकन र निक्यौंल गरेको पाइन्न । तिनको गद्याख्यानमा पाइने औपनिवेशिक सन्दर्भलाई सविस्तार अध्ययन गरी विश्लेषण र मूल्याङ्कन गर्ने कार्य कसैबाट भएको पाइन्न। अतः औपनिवेशिक सन्दर्भलाई पृष्ठभूमि तथा आधारको रूपमा राखेर इन्द्र सुन्दासका गद्याख्यानहरूको अध्ययन र विश्लेषण गर्दै मुल्याङ्कन समेत गर्नु प्रस्तुत शोधकार्यको लक्ष्य हो।

## १.५ शोधकार्यको औचित्य

प्राप्त पूर्वकार्यको सर्वेक्षणबाट के कुरा स्पष्ट हुन्छ भने ती अध्ययनहरूमा इन्द्र सुन्दासका गद्याख्यानहरूमा अन्तर्निहित विभिन्न प्रवृत्ति एवं विशेषता, चरित्र र विषयवस्तुको आंशिक र एकाङ्गी मात्रै अध्ययन सिमित रहेको देखिन्छ । दार्जीलिङ क्षेत्रलाई औपनिवेशिक सन्दर्भमा अवलोकन गर्दै इन्द्र सुन्दासका गद्याख्यानहरूमा पाइने औपनिवेशिक सन्दर्भको समीक्षण र विश्लेषण भने कुनै कृति वा रचानमा सविस्तार भएको पाइन्न।

अतः औपनिवेशिक सन्दर्भमा दार्जीलिङ र इन्द्र सुन्दासका गद्याख्यानहरूमा औपनिवेशिक सन्दर्भको अध्ययन विश्लेषण गरिनु, साथै गद्याख्यानकार इन्द्र सुन्दासको नेपाली साहित्यप्रतिको योगदान तथा स्थान र मूल्याङ्कन समीचीन रूपमा निर्धारण गरिनु प्रस्तुत शोधकार्यको औचित्य रहेको हो।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यको भौगोलिक क्षेत्र भारतको पश्चिम बङ्गाल राज्यअन्तर्गत रहेको दार्जीलिङ जिल्ला रहेको छ। यस जिल्लामा भारत स्वतन्त्रतापूर्व ब्रिटीसकालीन औपनिवेशिक कार्यकालको आफ्नै इतिहास भेटिन्छ । साहित्यकार इन्द्र सुन्दासका गद्याख्यानहरूमा परिलक्षित तिनै औपनिवेशिक सन्दर्भ विशेषको अध्ययनमा गर्नु प्रस्तुत शोधको सीमा रहेको छ। अतः ब्रिटिशकालीन औपनिवेशिक सन्दर्भलाई पृष्ठभूमिमा राखेर इन्द्र सुन्दासका गद्याख्यानहरूमा परिलक्षित तिनै सन्दर्भहरूको अध्ययन र विश्लेषण गर्नु यो शोधकार्यको सीमा र क्षेत्र हो।

## १.७ शोधविधि

प्रस्तुत शोध-प्रबन्धलाई सार्थक तुल्याउनलाई दुईवटा विधि क्रमैले(क) सामग्री सङ्कलन विधि

र (ख) विश्लेषण विधि अङ्गालिएको छ।

### १.७.१ सामग्री सङ्कलन विधि

यसअन्तर्गत दुई विधिक्रमैले (अ) पुस्तकालयीय अध्ययन विधि र (आ) क्षेत्रीय अध्ययन विधि अप्नाइएको छ।

### १.७.१.(अ) पुस्तकालयीय अध्ययन विधि

प्रस्तुत शोध प्रबन्ध तयार पार्नका निम्ति विभिन्न पुस्तकालयहरूमा गई शोध विषयसम्बन्धी पाइने पुस्तक, पत्र-पत्रिका, शोधपत्र, दैनन्दिनी, जीवनी आदिका अध्ययन साथै इन्द्र सुन्दास र तिनका कृतिहरूबारे विभिन्न समयमा विभिन्न साहित्यकारहरूले गरेका अध्ययनलाई अवलोकन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ।

### १.७.१. (आ) क्षेत्रीय अध्ययन विधि

विभिन्न ठाउँ वा क्षेत्रमा गएर स्थलगत रूपमा आवश्यक शोध सामग्री सङ्कलन गरिने विधिलाई क्षेत्रीय अध्ययन विधि वा पद्धति भनिने हुनाले यस विधिबाट सामग्री सङ्कलन गर्दा प्रस्तुत शोध-प्रबन्धमा क्रमैले (i) प्रश्नावली र (ii) अन्तर्वार्ता गरी दुईवटा उपकरणहरूको प्रयोग गरिएको छ।

### १.७ (ख) विश्लेषण विधि

सङ्कलित सामग्रीहरूलाई विभिन्न सिद्धान्त, वाद, प्रणाली आदि सैद्धान्तिक पक्षको यथास्थान प्रयोग गरी विश्लेषण गर्ने क्रममा प्रस्तुत शोधकार्यमा 'औपनिवेशिक सन्दर्भमा दार्जीलिङ र इन्द्र सुन्दासको गद्याख्यानहरूको विश्लेषणात्मक अध्ययन' अन्तर्गत दार्जीलिङको ऐतिहासिक, भौगोलिक, सामाजिक, भाषिक, शैक्षिक र राजनैतिक पृष्ठभूमिको अवलोकन गरिएको छ। भारत स्वतन्त्रतापूर्व ब्रिटीस कालीन दार्जिलिङ क्षेत्रमा यहाँका जनमानसले खप्नुपरेको औपनिवेशिकणको समस्यासितै इन्द्र सुन्दासका गद्याख्यानहरूमा परिलक्षित आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, भाषिक र सांस्कृतिक औपनिवेशिक शोषणका चित्रण र व्याख्या-विश्लेषण गर्नलाई प्रस्तुत शोधमा ऐतिहासिक र विश्लेषणात्मक पद्धति अप्नाइएको छ। शोध प्रबन्धमा पाद टिप्पणी राख्ने, फन्टको आकार राख्ने, पङ्क्तिमाझ ठाउँ छोड्ने काममा भारतीय भाषा संस्थान, मैसुर तथा सिक्किम अकादेमी, गान्तोकद्वारा सन् २०११ मा प्रकाशित **नेपाली लेखन शैली**, पहिलो संस्करणलाई आधार बनाइएको छ। प्रस्तुत शोधप्रबन्धमा प्रयोग गरिएको वाक्य गठन, शब्दावली, भाषाका निम्ति **प्रयोगात्मक नेपाली शब्दकोश**लाई आधार गरिएको छ।

## १.८ शोध-सामग्रीका स्रोत

शोध सामग्रीका स्रोत क्रमैले (क) प्राथमिक स्रोत र (ख) द्वितीयक स्रोत गरी दुई प्रकारका हुन्छन् ।

## १.८ (क) प्राथमिक स्रोत

शोधकर्ता आफैले खोजेर, अध्ययन गरेर, जाँचेर भेला पारेका सामाग्री तथा विज्ञजनहरूसँग लिइएका वार्ता, अन्तर्वार्ता, व्यक्तिगत भेटघाट र पत्राचार तथा प्रश्नवाली आदिबाट प्राप्त भएका तथ्यहरू प्राथमिक स्रोतको रूपमा प्रस्तुत शोधप्रबन्धमा लिइएको छ ।

## १.८ (ख) द्वितीयक स्रोत

अघिबाटै अरू कसैले तयार पारिदिएको तथ्याङ्कलाई द्वितीयक स्रोत भनिन्छ । शोधकार्यको निम्ति प्रयोग गरिने पुस्तकालय, तथा सङ्घ – संस्था, व्यक्ति आदिबाट सङ्ग्रहीत र सङ्कलित पुस्तक, शोधपत्र, पत्र-पत्रिका साथै दैनन्दिनी, जीवनवृत आदि यस शोधकार्यको द्वितीयक स्रोत रहेको छ ।

## १.९ शोधप्रबन्धको सङ्गठन

प्रस्तुत शोध-प्रबन्धलाई व्यवस्थित र सुनियोजित पार्नलाई छः वटा अध्यायहरूमा विभाजन गरिएको छ । प्रस्तुत शोध प्रबन्धका छः अध्यायहरूमध्ये पहिलो अध्याय **शोधप्रबन्धको परिचय** शीर्षक रहेको छ । यस अध्यायमा शोधप्रबन्धको शीर्षक, शोधकार्यको समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोध-कार्यको औचित्य, सीमा र क्षेत्र, शोधविधि, शोध-प्रबन्धको सङ्गठन जस्ता सैद्धान्तिक कुराहरुको परिचयात्मक सङ्क्षिप्त व्याख्या गरिएको छ साथै शोध सम्भावना एवम् भावी शोधकर्ताको निम्ति सुझाउ पनि राखिएको छ ।

दोस्रो अध्याय **उपनिवेश, उपनिवेशवाद र उत्तर औपनिवेशिकताशवादको अवधारणाहरूको परिचय** शीर्षक रहेको छ । यस अध्यायमा उपनिवेशको अर्थ र परिभाषित स्वरूपलाई शब्दकोश र साहित्यिक अवधारणा जस्ता उपशीर्षकहरूमा राखेर चर्चा गरिएको छ । उपनिवेशको प्रकारहरूको चर्चासितै उपनिवेशवादको अवधारणालाई सामाजिक वा समाजशास्त्रीय, राजनैतिक, आर्थिक, साहित्यिक आधारहरूमा विश्लेषण र विवेचना गरिएको छ । उपनिवेशवाद र साम्राज्यवाद अनि उपनिवेशवाद र उत्तरऔपनिवेशिकतावाद माझको साम्य-वैसम्यलाई पनि यस अध्यायमा केलाइएको छ । औपनिवेशिकरणको पृष्ठभूमिलाई पौराणिक वा ऐतिहासिक र आधुनिक उपशीर्षकहरूमा अनि औपनिवेशिकरण सन्दर्भका आधारहरूलाई सामाजिक, राजनैतिक, धार्मिक, भाषिक तथा सांस्कृतिक उपशीर्षकहरूमा विश्लेषण र विवेचना गरिएको छ ।

तेस्रो अध्याय **भारतीय नेपाली गद्याख्यानमा औपनिवेशिक सन्दर्भ** शीर्षक रहेको छ । यस अध्यायमा भारतीय नेपाली गद्याख्यानको परिचय, भारतीय नेपाली गद्याख्यान लेखन साहित्यको

पृष्ठभूमि र परम्परालाई प्राथमिककाल, माध्यमिककाल, आधुनिककाल वा प्रयोगकाल र उत्तर-आधुनिककाल वा उत्तर-प्रयोगकाल जस्ता उपशीर्षकहरूमा बाँड्रेर सम्बन्धित विषयको चर्चा र विविचना गरिएको छ । गद्याख्यानको परिभाषित स्वरूप र आख्यानको परिभाषित स्वरूपलाई उपशीर्षकहरूमा चर्चा गर्दै गद्याख्यानका तत्त्वहरूको चर्चा पनि गरिएको छ । कथा र उपन्यासको गद्याख्यानात्मक स्वरूप र कथा र उपन्यासमाझको समानता र असमानताबारे विवेचना यस अध्यायमा गरिएको छ । यसै गरी प्रस्तुत अध्यायमा केही भारतीय नेपाली गद्याख्यानकारहरू र तीनका कथा र उपन्यासमा पाइने औपनिवेशिक सन्दर्भको सङ्क्षिप्त विवेचनाअन्तर्गत क्रमैले कथाकार रूपनारायण सिंहको 'मिस्टर एच. बी. ब्यास्नेट' कथामा औपनिवेशिक सन्दर्भ, कथाकार हायमनदास राई 'किरात'को 'चौकीदार' कथामा औपनिवेशिक सन्दर्भ, कथाकार शिवकुमार राईको 'माछाको मोल' कथामा औपनिवेशिक सन्दर्भ, कथाकार एम. एम. गुरूङको 'टिस्टा बग्छ सधैंजस्तो' कथामा औपनिवेशिक सन्दर्भ, कथाकार इन्द्र बहादुर राईको 'विश्व तिम्रा चरणमा' कथामा औपनिवेशिक सन्दर्भ, कथाकार बद्रीनारायण प्रधानको 'बोनस' कथामा औपनिवेशिक सन्दर्भ आदिको परिचयात्मक विश्लेषण गरिएको छ । यसरी नै उपन्यासकार लैनसिंह बाङ्देलको 'मुलुकबाहिर' उपन्यासमा औपनिवेशिक सन्दर्भ, उपन्यासकार इन्द्रबहादुर राईको 'आज रमिता छ' उपन्यासमा औपनिवेशिक सन्दर्भ, उपन्यासकार रविन्द्र कुमार मोक्तानको 'दुइ पात एक सुइरो' उपन्यासमा औपनिवेशिक सन्दर्भ, उपन्यासकार सुवासको उपन्यास ' मने ' मा औपनिवेशिक सन्दर्भ, उपन्यासकार असित राईको उपन्यास 'नयाँ क्षितिजको खोज' र 'यन्त्रणा' मा औपनिवेशिक सन्दर्भ जस्ता उपशीर्षकहरूमा सम्बन्धित विषयको आवश्यक विश्लेषण र चर्चा गरिएको छ ।

चौंथो अध्याय **औपनिवेशिक सन्दर्भमा दार्जीलिङ र इन्द्र सुन्दास** अन्तर्गत विविध पृष्ठभूमिभित्र दार्जीलिङको परिचय चिनाउनलाई ऐतिहासिक, भौगोलिक, जनसाङ्ख्यागत, भाषिक, धार्मिक, शैक्षिक, सामाजिक, आर्थिक, र राजनैतिक उपशीर्षकहरूमा विश्लेषण र विवेचना गरिएको छ । यसै अध्यायमा इन्द्र सुन्दासको व्यक्तित्वलाई जन्म, बाल्यकाल, औपचारिक शिक्षा, स्वाध्ययन, दाम्पत्य, पारिवारिक जीवन, पेसा, देहवासन जस्ता उपशीर्षकहरूमा चर्चा गरिएको छ । इन्द्र सुन्दासको स्वाभाविक व्यक्तित्व चर्चा एवम् इन्द्र सुन्दासको साहित्यिक व्यक्तित्व र कृतित्वलाई कविको रूपमा, कथाकारको रूपमा, उपन्यासकारको रूपमा, अनुवादकको रूपमा, विविध विषयक रचनाकारका रूपमा जस्ता उपशीर्षकहरूमा सम्बन्धित विषयको अध्ययन र विश्लेषण गरिएको छ ।

पाँचौ अध्याय **इन्द्र सुन्दासका गद्याख्यानहरूमा औपनिवेशिक सन्दर्भको विश्लेषण** रहेको छ । यस अध्यायअन्तर्गत पहिले गद्याख्यानकारको रूपमा इन्द्र सुन्दासको परिचयलाई चर्चा गरिएको छ । त्यसपछि इन्द्र सुन्दासका कथाहरूमा **रानी खोला** (सन् १९६७) कथासङ्ग्रहभित्रका जम्मा बाह्रवटा कथाहरूमध्ये चार वटा कथाहरू क्रमैले 'गाड़ीमान', 'विधवाको छोरो', 'चामलको महँगो', 'खाजा', आदि कथाहरूमा औपनिवेशिक सन्दर्भ र **रोमन्थन** (सन् १९८९) कथासङ्ग्रभित्रका जम्मा बाह्रवटा कथाहरूमध्ये चार वटा कथाहरू क्रमैले 'शेरसिंह गोरखा', 'ऐते पाइलट', 'लिपिबद्ध

प्रमाण', 'चप्-फ्राइ', आदि कथाहरूमा औपनिवेशिक सन्दर्भ जस्ता उपशीर्षकहरूमा विश्लेषण र विवेचना गरिएको छ । यसरी नै प्रस्तुत अध्यायमा औपनिवेशिक सन्दर्भमा इन्द्र सुन्दासका उपन्यासहरू क्रमैले **मङ्गली** (सन् १९५८) उपन्यासमा औपनिवेशिक सन्दर्भ, **जुनेली रेखा** (सन् १९७९) उपन्यासमा औपनिवेशिक सन्दर्भ, **नियति** (सन् १९८२) उपन्यासमा औपनिवेशिक सन्दर्भ, र **सहारा** (सन् १९९५) उपन्यासमा औपनिवेशिक सन्दर्भ जस्ता उपशीर्षकहरूमा पनि सम्बन्धित विषयको विशद् अध्ययन र विश्लेषण गरिएको छ।

छैटौं अध्याय, शोध प्रबन्धको अन्तिम अध्याय हो र यो अध्यायमा **उपसंहार एवम् निष्कर्ष**पक्ष रहेको छ । यसको 'उपसंहार' अंशमा प्रस्तुत शोधप्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको सारसङ्क्षेप प्रस्तुत गरिएको छ अनि 'निष्कर्ष' अंशमा प्रस्तुत शोधकार्यबाट प्राप्त उपलब्धिहरूलाई केही बुँदाहरूमा समेटेर दर्शाउने काम गरिएको छ। यसपछि परिशिष्ट र सन्दर्भ-ग्रन्थ सूची राखिएको छ।

## १.१0 भावी शोधकर्तालाई सुझाउ

प्रस्तुत शोध प्रबन्धमा औपनिवेशिक सन्दर्भमा दार्जीलिङको विविध पृष्ठभूमिहरूको चर्चासितै इन्द्र सुन्दासको गद्याख्यानहरूको विवेचन, समीक्षा, विश्लेषण र वस्तुनिष्ठ अध्ययन गरिएको छ। अन्य भावी शोधार्थीले इन्द्र सुन्दासको गद्याख्यानहरूमाथि विभिन्न कोण-प्रतिकोण, सैद्धान्तिक मान्यता आदि पक्रेर अध्ययन र शोध गर्न सक्छन् भन्ने सम्भावना पन देखाइएको छ । यसप्रकारका शोध र अध्ययनले नेपाली साहित्यको भण्डार अझै समृद्ध बन्नसक्नेछ भन्न सकिन्छ। आजसम्म इन्द्र सुन्दासका कथा तथा उपन्यासका प्राप्तिहरूलाई लिएर जे-जति अन्वेषण, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको छ ती सबै पर्याप्त हो भन्न मिल्दैन । यसैले भावी शोधकर्ताहरूले निम्नलिखित विषयहरूमा शोध-कार्य तयार पार्न सक्नेछन् भन्ने उद्देश्यले यहाँ केही सम्भाव्य शोध विषयक-शीर्षक दिने प्रयास गरिएको छ -

**(क) नारीवादी दृष्टिकोणले इन्द्र सुन्दासका गद्याख्यानहरूको अध्ययन र मूल्याङ्कन।**

**(ख) इन्द्र सुन्दासका गद्याख्यानहरूमा लोक तात्विक पक्षको अध्ययन र मूल्याङ्कन।**

**(ग) इन्द्र सुन्दासका गद्याख्यानहरूमा श्रमजीवी मानिसहरूको जीवनशैली।**

**(घ) परिवेश विमर्शका दृष्टिले इन्द्र सुन्दासका गद्याख्यानहरूको अध्ययन।**

**(ङ) इन्द्र सुन्दासका गद्याख्यानहरूको समाजशास्त्रीय अध्ययन।**

**(च) समकालीन गद्याख्यानकारहरूका सन्दर्भमा इन्द्र सुन्दासको गद्याख्यानकारिताको तुलनात्मक अध्ययन।**

**(छ) इन्द्र सुन्दासका गद्याख्यानमा आञ्चलिकता।** इत्यादि।

यीनै शीर्षकहरूबाट थप अध्ययन र विश्लेषण गरिए साहित्यकार इन्द्र सुन्दासको साहित्यिक प्राप्ति एवं उपलब्धिको सम्यक् मूल्याङ्कन हुनेछ भन्न सकिन्छ।